श्री

# बारा जिल्ला अदालत

## वार्ता द्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

### पुनःसूचना प्रकाशन मिति २०७३/०९/२२

बिभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरी मिति २०७२।३।७ मा प्रथमपटक , मिति २०७२।४।१०मा दोस्रोपटक र मिति २०७३/०९/०७ मा तेश्रो पटक बार्ता वार्ता द्वारा बिक्री गर्ने सम्बन्धि सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मिति सम्ममा कोही कसैले पनि लिलाममा चढेका उक्त सवारी साधनहरु लिलाम सकार गर्न नआएकोले मिति २०७३/०९/२२ को यस अदालतको निर्णय बमोजिम उक्त सवारी साधनहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क को उपनियम (१०) र ऐ. को नियम ९०ख को उपनियम (५) अनुसार कानुनले तोकेका बिभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ता द्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

| सि.नं. | सवारी साधन | मोडेल/ई.न./ च्या नं. | न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | ना.३ख ६३८० नं. को ट्रक | मोडेलः-PT 1109/36EXHD (2008) टाटा मोर्टस<br>ईन्जिन नं. ४९७TC९३MSZZB०४१८<br>च्यासिस नं. ४१६४०३MSZ७४९११५ | रु ४,६५,०००।- | दर्ता हुने |
| २. | बा.१ख २७५१ को ट्रक कन्टेनर | मोडेलः- 1984<br>ईन्जिन नं. ३५२९६४१०१५८७७३<br>च्यासिस नं. ३५२०५३१०९२८९७५ | रु २,७५,०००।- | स्क्राप हुने |

१. वार्ता द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७३ साल पौष २९ गते दिउसो २.०० बजे देखि ३.०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन बिदा पर्न गए सो पछि कार्यालय खुलेको दिन सोही समयमा र स्थानमा हुनेछ ।

२. वार्तमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७३।०९।२९ गते दिउसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाई वार्तामा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ ।

३. निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मुल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बिच लिलाम बढाबढको प्रक्रिया अपनाईने छ । सो प्रक्रियामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाइएका उक्त जिन्सी सामानहरु बिक्री गरिने छ ।

५. वार्ता (लिलाम) मा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । वार्ता (लिलाम) सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ ।

६. अन्य कुराहरु यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलित कानुन बमोजिम हुने छ ।

७. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

तहसिलदार